नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७६/७७

## प्रेस विज्ञप्ति

वर्षातको समय सुरु भए सँगै बाढी, पहिरो, भु-स्खलन, बाटो अवरोध जस्ता प्रकोपको संभावना बढ्ने हुँदा सो को नियन्त्रण, रोकथाम एवं समसामयिक विषयमा आज मिति २०७७।०३।१५ गते जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले निम्न बमोजिमको निर्णयहरु गरेको व्यहोरा यसै प्रेस विज्ञप्ति मार्फत सबैमा जानकारी गराइन्छ ।

निर्णयहरुः-

१. वर्षायाम सुरु भई यस जिल्लामा समेत बाढि पहिरोको प्रकोप पर्न सक्ने भएकोले डिभिजन सिंचाइ विकास कार्यालय सिन्धुपाल्चोक र भू तथा जलाधार व्यवस्थापन कार्यालय सिन्धुपाल्चोकले आपतकालिन व्यवस्थापनका लागी तार जालि खरिद गर्न बागमति प्रदेशका सम्बन्धित मन्त्रालयहरुमा आवश्यक कार्यक्रम तथा रकम माग गर्ने ।

२. स्थानीय तहहरुले निर्माण गरेका सडकहरुमा बाढी पहिरो आई बाटो अवरुद्ध हुन आएमा सो लाई सफा तथा मर्मत गरी सडक सूचारु गर्ने गराउने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने ।

३. सडक विभाग तथा पूर्वाधार विकास कार्यालयले निर्माण गरेका सडकहरुमा बाढि पहिरोको कारणले अवरुद्ध भएमा निर्माण गर्ने निकायले स्थानीय तहको सहयोगमा तत्काल सडक सफा र मर्मत गरी सूचारु गर्ने व्यवस्था मिलाउने।

४. बाढि पहिरोको कारणले मानव वस्ती तथा भौतिक संरचना जोखिममा पर्ने अवस्था भएमा बाढी पहिरो रोकथाम कार्यक्रम संचालन गरी सो को संरक्षण गर्ने व्यवस्था भू तथा जलाधार व्यवस्थापन कार्यालयले मिलाउने ।

५. जिल्लामा सडक अबरुद्ध भएमा तत्काल बाटो खोल्ने प्रयोजनका लागी स्काभेटर तयारी अवस्थामा राखि यस जिल्लालाई उपलब्ध गराउन मध्यपहाडी लोकमार्ग आयोजना काभ्रेपलाञ्चोकलाई अनुरोध गर्ने ।

६. बाढी पहिरोको कारणले विभिन्न स्थानमा संचालन भएका खानेपानीको संचालन अबरुद्ध भएमा खानेपानी तथा सरसफाई डिभिजन नं. ३ कार्यालयले खानेपानी संचालन सूचारु गर्न आवश्यक व्यवस्था मिलाउने ।

७. बाढि पहिरोको कारणले स्थानीय स्तरमा मानव वस्ति तथा भौतिक संरचना क्षति हुन सक्ने भएकाले सम्भावित क्षतिको पूर्वानुमान गरी क्षति न्यूनिकरण गर्ने, जोखिममा रहेका मानव

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७६/७७

वस्तिहरुको सुरक्षा गर्ने लगायत विपद् सम्बन्धी आवश्यक पूर्वतयारी र आवश्यक बन्दोवस्त गर्न स्थानीय तहका स्थानीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

८. बाढि पहिरोको कारणले मानव वस्तिको क्षति भई अस्थायी बासको प्रबन्ध गर्नुपर्ने भएमा सोको आवश्यक व्यवस्थापन जिल्ला रेडक्रस सोसाइटि सिन्धुपाल्चोकले गर्ने व्यवस्था मिलाउने।

९. जिल्लामा रहेको जोखिम नक्साङ्कनको अध्ययन गरी भविष्यमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न आ-आफ्नो कार्यक्षेत्र अनुरुप कार्य अघि बढाउन निम्न बमोजिम Working Group निर्माण गर्ने ।

| | |
|---|---|
| वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत भू तथा ज.व्य.का. दिवाकर मास्के | संयोजक |
| अधिकृत प्रतिनिधि जलस्रोत तथा सिंचाई विकास डिभिजन | सदस्य |
| अधिकृत प्रतिनिधि खा.पा.स.स.डि.नं.३ | सदस्य |
| अधिकृत प्रतिनिधि पूर्वाधार विकास कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि DLPIU(भवन) | सदस्य |
| अधिकृत प्रतिनिधि डिभिजन वन कार्यालय | सदस्य |

१०. बाढी पहिरो बाट मानव वस्ति तथा भौतिक संरचनालाई सूरक्षित राख्न भू तथा जलाधार व्यवस्थापन कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन र पूर्वाधार विकास कार्यालयहरुले आपतकालिन प्रयोजनको लागी तारजाली खरिद गरी तयारी हालतमा राख्ने व्यवस्था मिलाउने ।

११. २०७२ सालको भूकम्प पश्चात् पून निर्माण प्राधिकरणले निर्माण गरेका सामुदायिक विद्यालयहरुलाई विपद् बाट सुरक्षा गर्ने व्यवस्था जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) शिक्षा विकास समन्वय इकाईले स्थानीयतह संग समन्वय गरी मिलाउने ।

मितिः २०७७।०३।१५

२०७७.०३.१५
............
सुनिता पहरी